सुदूरपश्चिम विश्वविद्यालय
# कृषि विज्ञान संकाय
# डीनको कार्यालय
टीकापुर, कैलाली

पत्र संख्याः २०८२/०८३
चलानी नं. ४६५

मितिः २०८२।११।२५

श्री सन्जय कुमार राउत
उप प्राध्यापक एवं स्कूल प्रमुख
स्कूल अफ एग्रीकल्चर, टीकापुर, कैलाली ।

**विषयः केन्द्राध्यक्षको जिम्मेवारी दिइएको सम्वन्धमा ।**

महाशय,

उपरोक्त सम्वन्धमा यहि २०८२ साल फाल्गुन २७ गते सञ्चालन हुने कृषि स्नातकोत्तर तह (वाली विज्ञान) प्रथम वर्ष प्रथम सत्रान्तको Advanced Field Crop Physiology (AGR601) विषयको मौका परिक्षा सञ्चालन गर्न तपाईलाई केन्द्राध्यक्ष नियूक्त गरिएको छ। परीक्षालाई मर्यादित, अनुशासित र सुव्यवस्थित तवरले सञ्चालन गर्न तपाईका जिम्मेवारीहरु तपसिल वमोजिम हुनेछन ।

**तपसिल**

क) परीक्षा केन्द्रमा परीक्षा सुरु हुनुभन्दा आधा घण्टा अगाडि १ निरीक्षक राखि प्रश्नपत्र राखिएको खाम वाहिर अनिवार्य रुपले मिति सहित दस्तखत गराउने र सो प्रश्नपत्रका खाली खामहरु परीक्षाफल प्रकाशित नभएसम्म सुरक्षित राख्नु पर्नेछ।

ख) परीक्षा केन्द्रमा शान्ति सुरक्षाको व्यवस्था मिलाउन सुरक्षा निकायका प्रमुख वा प्रतिनिधीहरुको समन्वयमा परीक्षा सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

ग) विद्यार्थी विवरणको लेजर (Triplicate) डीन कार्यालयबाट लिनु पर्नेछ। यदि Triplicate मा अन्यथा भएमा तत्काल परीक्षार्थीको प्रवेश पत्रका आधारमा आवश्यक व्यवस्था गर्ने र सो को जानकारी तुरुन्त कृषि विज्ञान संकाय डीन कार्यालयलाई गराउनु पर्नेछ ।

घ) Triplicate अनुसार सिट प्लान गर्नुपर्नेछ ।

ङ) रोल नम्वर क्रमानुसारको सिट प्लान गरी सोही सिटमा परीक्षार्थीहरुलाई बसाई परीक्षा सञ्चालन गर्नुपर्नेछ ।

च) परीक्षार्थीको हाजिरी गराउँदा क्रमानुसार हुनुपर्ने र परीक्षार्थीहरुको प्रष्ट नाम र हस्ताक्षर अनिवार्य हुनुपर्नेछ ।

छ) प्रत्येक परीक्षा कोठाको रोल नम्वर क्रमानुसार हाजिरी फारममा लेखी निरीक्षकलाई परीक्षा अगावै उत्तर पुस्तिकासँगै पठाउनु पर्नेछ ।

ज) प्रश्नपत्र राखिएको खाममा अनिवार्य रुपले दस्तखत गराई परीक्षार्थी सङ्ख्याको अनुपातमा चाँडोमा आधा घण्टा र ढिलोमा १५ मिनेट अगाडि खोली गोप्य तवरले परीक्षा कोठा अनुसार गन्ती गरेर राख्ने र परीक्षा सुरु हुनु २ मिनेट अगाडि मात्र परीक्षा कोठामा पुऱ्याउने व्यवस्था मिलाउनु पर्नेछ ।

झ) परिक्षालाई मर्यादित, अनुशासित र सुव्यवस्थित तवरले सञ्चालन गर्न आवश्यक सम्पुर्ण विधीहरु अवलम्वन गर्नुपर्नेछ। साथै परिक्षाका लिखित कापीहरु परिक्षा सम्पन्न भएपछि डीन कार्यालयमा वुझाउनु पर्नेछ । केन्द्राध्यक्षमा नियूक्त हुनुभएकोमा हार्दिक वधाई छ ।

२०८२।११।२५
.....................
डा. विष्णु विलास अधिकारी
डीन

वोधार्थः १. श्री परिक्षा नियन्त्रण कार्यालय, सुदुरपश्चिम विश्वविद्यालय, महेन्द्रनगर, कन्चनपुरः आवश्यक जानकारीको लागि ।

२. श्री आर्थिक प्रशाशन शाखा, कृषि विज्ञान संकाय, टीकापुर, कैलाली ।



CamScanner